**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २१ मई २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगाल सरकारले राज्यका सबै मदरसाहरुमा बिहानको प्रार्थना सभा अवधि 'वंदे मातरम' गाना तत्काल प्रभावले अनिवार्य गरेको छ।
- मुख्यमंत्री शुभेंदु अधिकारीले पुलिस अनि रेलवे सुरक्षा बल (आरपीएफ) लाई पक्राउ परेका बांग्लादेशी घुसपैठीहरुलाई अदालतमा पेश गर्नुको साटो सिधा सीमा सुरक्षा बललाई सौम्पिने निर्देश दिनु भएको छ।
- आर. जी. कर मेडिकल कॉलेज एवं अस्पतालमा महिला चिकित्सकको दुष्कर्म अनि हत्या मामिलामा कलकत्ता हाई कोर्टले मामिलाको पुनः जांच गर्ने निर्देश दिएको छ।
- दार्जीलिंग लोकसभा सांसद राजु बिष्टले एक जुन देखि रोहिणीको टोल ट्याक्स बन्द हुने घोषणा गर्नु भयो|
- अखिल भारतीय गोर्खा लिगका पूर्व अध्यक्ष स्वर्गीय मदन तामाङको १६औँ पुण्यतिथिको अवसरमा आईजीजेएफ, भाजपा लगायत अन्यले श्रद्धाञ्जली अर्पण गरेको छ।

**वंदे मातरम पश्चिम बंगाल**

पश्चिम बंगाल सरकारले राज्यका सबै मदरसाहरुमा बिहानको प्रार्थना सभा अवधि 'वंदे मातरम' गाना तत्काल प्रभावले अनिवार्य गरेको छ। यो आदेश मदरसा शिक्षा निदेशालय द्वारा जारी गरिएको हो। अधिसूचना अनुसार यो निर्देश सरकारी मॉडल मदरसाहरु, सरकारी सहायता प्राप्त मदरसाहरु, मान्यता प्राप्त गैर-सहायता प्राप्त मदरसाहरु, साथै अल्पसंख्यक मामिला अनि मदरसा शिक्षा विभाग अन्तर्गत संचालित अनुमोदित शिशु शिक्षा केंद्रहरु अनि माध्यमिक शिक्षा केंद्रहरुमा लागू हुनेछ। अधिकारिहरुले बताए अनुसार यो कदमको उद्देश्य विभाग अंतर्गत आउने सबै शैक्षणिक संस्थानहरुमा प्रार्थना सभाको प्रक्रियाहरुमा एकरूपता ल्याउनु हो। यस आदेशलाई लागू गर्न जिल्ला मजिस्ट्रेटहरु, स्कूलका जिल्ला निरीक्षकहरु अनि पश्चिम बंगाल मदरसा शिक्षा बोर्डलाई पठाईएको छ। यो घटनाक्रम राज्य सरकार द्वारा सबै सरकारी अनि सहायता प्राप्त स्कूलहरुमा 'वंदे मातरम' गाना अनिवार्य गरिएको लगभग एक सप्ताह पछि अघि आएको हो। यसै बीच, यो कदम केंद्र सरकार द्वारा राष्ट्रीय प्रतीकहरुलाई सम्मानसित संबंधित प्रावधानहरुलाई अझ अधिक सुदृढ़ बनाउने प्रयासहरु बीच आएको हो। केंद्र सरकारले 'राष्ट्रीय सम्मानको अपमानको रोकथाम अधिनियम, 1971' मा संशोधनको प्रस्ताव राखेको छ, जसमा 'वंदे मातरम' मा बाधा हाल्न एक दंडनीय अपराध बनाउन पनि सामेल छ।

**मुख्यमन्त्री सि ए ए**

मुख्यमंत्री शुभेंदु अधिकारीले पुलिस अनि रेलवे सुरक्षा बल (आरपीएफ) लाई पक्राउ परेका बांग्लादेशी घुसपैठीहरुलाई अदालतमा पेश गर्नुको साटो सिधा सीमा सुरक्षा बललाई सौम्पिने निर्देश दिनु भएको छ। हावड़ामा आज आयोजित प्रशासनिक बैठक पछि मुख्यमंत्रीले यस्तो मन्तब्य दिनुभएको हो। मुख्यमंत्रीले भन्नुभयो हावड़ा रेलवे स्टेशन देशको सबैभन्दा व्यस्त रेलवे स्टेशनहरु मध्ये एक हो, जहां प्रतिदिन ठुलो संख्यामा यात्रिहरुको अवागमन हुने गरेको छ। यस्तोमा अवैध घुसपैठहरुको पहिचान अनि निगरानीका लागि स्टेशन परिसरमा कडा नजर राखिनु जरूरी छ। पुलिस आयुक्त अनि आरपीएफलाई निर्देश दिइएको छ कि नागरिकता संशोधन कानून (सीएए) दायरा भित्र नपर्ने कुनैपनि बांग्लादेशी घुसपैठीहरु यदि हावड़ा स्टेशनमा पक्रा परे, उनीहरुलाई अदालत लाने कुनै आवश्यकता छैन। यस्ता घुसपैठीहरुलाई भोजन उपलब्ध गराए पछि सीधा पेट्रापोल सीमा अथवा बसीरहाट सीमा चौकी लैजान भनिएको

छ। मुख्यमंत्रीले भन्नुभयो प्रत्येक सप्ताह पक्राउ परेका घुसपैठिहरुको संख्याको बिवरण पुलिस महानिदेशकको माध्यमबाट मुख्यमंत्री कार्यालयलाई पठाउन पर्नेछ। उहाँले बताए अनुसार केंद्र सरकारको तर्फबाट यस संबंधमा पछिलो वर्ष नै दिशा-निर्देश जारी गरिएको थियो, तर पूर्ववर्ती राज्य सरकारले लागू गरेनन्, अब राज्यमा नयाँ सरकार बनेपछि यी निर्देशहरुलाई प्रभावी गर्रिंदैछ।

उल्लेखनीय छ, नागरिकता संशोधन अधिनियम अन्तर्गत बांग्लादेश, पाकिस्तान अनि अफगानिस्तानबाट धार्मिक उत्पीड़नका कारण भारत आएका हिंदू, सिख, बौद्ध, जैन, पारसी अनि ईसाई समुदायका मानिसहरुलाई शरणार्थीको दर्जा दिइएको छ। केंद्रीय गृह मंत्रालयको अधिसूचना अनुसार, 31 दिसंबर 2024 सम्म भारत आएका यस्ता मानिसहरुलाई देशबाट निष्कासित गरिने छैन।

## केन्द्रीय बल तैनाती

राज्य सरकारको आग्रहमा केंद्र सरकारको निर्णय, राज्यमा 20 जूनसम्म केंद्रीय सुरक्षा बल रहने छ। विधानसभा चुनाव संपन्न भएपछि पनि सरकारले केन्द्रीय सुरक्षा बललाई राज्यमा तैनाथ गरिराखेको छ। गत हप्ता राज्यको सुरक्षा व्यवस्थाको गहन समीक्षा गरिएको थियो। समीक्षा पछि राज्यबाट चरणबद्ध रुपमा सुरक्षा बललाई हटाउने निर्णय लिइएको थियो। यस अन्तर्गत सय कंपनीलाई पहिलो चरणमा राज्यवाट फर्काउने आदेश जारी गरिएको थियो तर खबर अनुसार मुख्यमन्त्री सुवेंदु अधिकारीको आग्रहमा 20 जूनसम्म राज्यमा CAPF को पांच सय कंपनी तैनाथको आदेश जारी गरिएको छ। केंद्रीय गृह मंत्रालयले दिएको आदेश अनुसार CRPF को 200, BSF को 150, CISF को 50, ITBP को 50 अनि SSB का 50 कंपनी राज्यमा कानून व्यवस्था बनाए राख्नका लागि 20 जूनसम्म राज्यमा तैनाथ रहने छ। केंद्रीय बलको तैनातीमा उनीहरुको ट्रांसपोर्ट अनि लॉजिस्टिक्सको जिम्मेवारी राज्य सरकारको हुनेछ। राज्य सरकार द्वारा कानून व्यवस्थाको मद्देनजर यसको मांग गरिएको थियो।

## फलता विधानसभा सीटमा पुनर्मतदान

राज्यको दक्षिण 24 परगना जिल्लाको फलता विधानसभा सीटमा पुनर्मतदान सम्पन्न, तीन बजेसम्म 74.10 प्रतिशत मतदान दर्ता गरियो। निर्वाचन आयोग अनुसार, बिहान 7 बजे देखि मतदाताहरुमा भारी उत्साह देखिएको थियो। अधिकांश मतदान केंद्रहरुमा लामो लहर देखिएको थियो।

***राज्यमा भारी गर्मी अनि उष्णतामा पनि ठुलो संख्यामा मतदाता बिहानदेखि नै मतदान केंद्रहरुमा पुगेका थिए । महिला, युवा अनि बुजुर्ग मतदाताहरुको सक्रिय भागीदारी पनि देखियो। धेरै बूथहरुमा दिउसो सम्म मतदाताहरुको भीड़ देखिएको थियो। पुनर्मतदानलाई शांतिपूर्ण अनि निष्पक्ष संपन्न गर्न सम्पूर्ण विधानसभा क्षेत्रमा सुरक्षाको कडा व्यवस्था गरिएको छ । केंद्रीय बलको 35 कंपनी तैनात गरिएको छ, जबकि कुनैपनि आपात स्थितिसित जुझ्नका लागि 30 क्विक रिस्पांस टीमलाई सक्रिय राखिएको छ। तथापि, मतदानको शुरुआती चरणमा तृणमूल कांग्रेस उम्मीदवार जहांगीर खानको घर नजिक स्थित केही बूथहरुमा पार्टी एजेंटहरुको अनुपस्थितिको खबर आएको थियो। बताइएको छ कि कम भन्दा कम दुइबटा बूथहरुमा तृणमूल एजेंट उपस्थित थिएनन्। उल्लेखनीय छ, 29 अप्रैलको दिन विधानसभा चुनावको दोस्रो चरणमा फलता सीटमा इलेक्ट्रॉनिक वोटिंग मशीनमा कथित गड़बड़ी अनि धांधलीको आरोप पछि निर्वाचन आयोगले सम्पूर्ण विधानसभा क्षेत्रमा पुनर्मतदान गराउने निर्णय लिएको थियो। यसै बीच तृणमूल कांग्रेस उम्मीदवार जाहांगिर खानले मतदानको 48 घंटा पहिले चुनावबाट हटने घोषणा गरेका थिए। तथापि, निर्वाचन आयोगको नियम अनुसार उनको नाम अझै पनि इलेक्ट्रॉनिक वोटिंग मशीनमा रहेको छ।***

## आर. जी. कर मेडिकल कॉलेज

आर. जी. कर मेडिकल कॉलेज एवं अस्पतालमा महिला चिकित्सकको दुष्कर्म अनि हत्या मामिलामा कलकत्ता हाई कोर्टले आज महत्वपूर्ण आदेश जारी गर्दै मामिलाको पुनः जांच गर्ने निर्देश दिएको छ। अदालतले पीड़िताका परिवारको मांग अनि आपत्तिहरुको जांचका लागि तीन सदस्यीय विशेष जांच दल गठित गर्न भनेको छ। यो दलले केंद्रीय अन्वेषण ब्यूरो (सीबीआई) को संयुक्त निदेशकको नेतृत्वमा काम गर्नेछ।

न्यायमूर्ति शम्पा सरकार अनि न्यायमूर्ति तीर्थंकर घोषको खंडपीठले भनेको छ, अपराधको प्रकृति अनि समाजको संतुष्टिलाई ध्यानमा राख्दै यो आदेश दिइएको हो।
अदालतले सीबीआईलाई फेरी घटनास्थलको निरीक्षण गर्न, पीड़िताका परिवारसित बातचीत गर्न तथा मामिलासित जोडिएका सबै दस्तावेज, साक्ष्य अनि रिकॉर्डको गहन जांच गर्न निर्देश दिएको छ।
हाई कोर्टले स्पष्ट गरेको छ मामिलाको अर्को सुनवाई 24 जूनमा हुनेछ। सोहि दिन सीबीआईले अदालतमा आफ्नो प्रगति रिपोर्ट पेश गर्न पर्नेछ।

**राजु बिष्ट**

दार्जिलिंग पहाडका तीन भाजपा विधायकहरूलाई सम्वर्धना जनाइयो। सम्बर्द्धना कार्यक्रम भाजपा दार्जीलिङ जिल्ला कमिटीले आयोजना गरेको थियो।कार्यक्रममा दार्जिलिंग, खर्साङ्ग र कालेबुंगका विधायकहरू नोमन राई, सोनाम लामा र भरत छेत्रीलाई सम्बर्द्धना जनाइयो। कार्यक्रममा दार्जीलिङका लोकसभा सांसद राजु बिष्ट, भाजपा दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जिब लामा साथै मण्डल अध्यक्ष लगायत कार्यकर्ताहरुको व्यापक उपस्थिति रहेको थियो। यस अवसरमा दार्जिलिंग पार्टी कार्यालयमा पत्रकारहरूलाई सम्बोधित गर्दै SIR मा नाम काटिएकाहरूको नाम जोड्ने काम तकनीकि विषय हो र यसका लागि मुख्यमंत्री सुभेन्दु अधिकारीलाई भनि सकेको जानकारी सांसद राजु बिष्टले दिनु भयो। दार्जिलिंगका भाजपा जिल्ला अध्यक्ष संजीव तामंग पनि उपस्थित थिए। श्री बिष्टले पहाडका तीनै सीटमा भाजपा उम्मेदवारलाई विजयी बनाएकोमा पहाड़का जनतालाई धन्यवाद दिनु भयो। श्री बिष्टले एक जुन देखि रोहिणीको टोल ट्याक्स बन्द गर्ने घोषणा गर्नु भयो।

..... बाईट..राजु बिष्ट....

**कैलाश मानसरोवर यात्रा**

विदेश मंत्री डॉ. एस जयशंकरले यस वर्षको कैलाश मानसरोवर यात्राको यात्रीहरुको चयन गर्न कम्प्यूटरबाट ड्रॉ निकाउनु भयो। यस वर्षको यात्रा जून देखि शुरू भएर अगस्तमा सम्पन्न हुनेछ। विदेश मंत्रालयले एक बयानमा भनेको छ निष्पक्ष अनि पारदर्शी कम्प्यूटर आधारित चयन पक्रियाको माध्यमले एक हजार यात्रिहरुको चयन गरिएको छ। यी यात्री लिपुलेख र नाथुला पास हुँदै बीस जत्थाहरुमा प्रस्थान हुनेछ। प्रत्येक जत्थामा 50-50 यात्री हुनेछन्। यात्रा मार्ग अनि जत्थाको जानकारी यात्राको वेबसाइटमा उपलब्ध छ। चयन संबंधी अधिसूचना चयनित भएका यात्रिहरुलाई एस.एम.एस अनि ईमेलको माध्यमबाट पठाइने छ।

**अन्तर्राष्ट्रीय चाय दिवस**

आज अन्तर्राष्ट्रिय चिया दिवस मनाइँदैछ। यो दिवस राष्ट्र संघको खाद्य तथा कृषि संगठन -एफएओ द्वारा द्वारा मनाइन्छ। यस वर्षको विषय  चिया बनाएर राख्नु, समुदायलाई सहयोग गर्नु" रहेको छ।चिया उत्पादन र प्रसंस्करण लाखौं परिवारको आजीविकाको मुख्य स्रोत हो।यो उत्सवले चियाको टिकाऊ उपभोग, र व्यापारलाई बढ़ावा दिँदछ र विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय स्तरका सरोकारवालाहरूलाई यो सुनिश्चित गर्न अवसर प्रदान गर्दछ।

**आइजिजेएफ - स्व मदन तामाङ**

अखिल भारतीय गोर्खा लिगका पूर्व अध्यक्ष स्वर्गीय मदन तामाङको १६औँ पुण्यतिथिको अवसरमा इण्डियन गोर्खा जनशक्ति फ्रण्ट (आईजीजेएफ)द्वारा श्रद्धाञ्जली अर्पण कार्यक्रम सम्पन्न गरिएको छ।
स्मरण रहोस्, सन् २०१० मा दार्जीलिङ क्लब स्ट्यान्ड परिसरमा उहाँको निर्ममतापूर्वक हत्या गरिएको थियो। तर आजसम्म पनि उहाँको हत्यासम्बन्धी मुद्दा विचाराधीन अवस्थामै रहेको छ। परिवार पक्षले निरन्तर न्यायको माग गर्दै आएको छ भने आईजीजेएफले पनि न्यायप्रणालीप्रति गहिरो विश्वास व्यक्त गर्दै स्वर्गीय मदन तामाङलाई न्याय दिलाइनुपर्ने मागलाई निरन्तर उठाउँदै आएको पार्टीले जनाएको छ। यसैगरी भाजपा दार्जीलिङ जिल्ला महिला मोर्चाका सदस्यहरूले स्वर्गीय मदन तामाङको सालिकमा पुगेर श्रद्धाञ्जली तथा भावपूर्ण समवेदना अर्पण गरे। उनीहरूले भारतीय गोर्खा समुदायप्रति मदन तामाङले पुऱ्याएको योगदान अतुलनीय रहेको बताउँदै उनलाई सधैं सम्मानका साथ सम्झिरहनुपर्ने धारणा व्यक्त गरे।

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले दार्जिलिङ जजबजारस्थित केन्द्रीय पार्टी कार्यालयमा युवा शक्तिका केन्द्रीय समितिका नेतृत्व अनि सदस्यहरूसँग भेटघाट गरी पार्टीको भावी रणनीति अनि कार्यक्रमहरू विषयमा चर्चा गरेका छन। एक प्रेस बिज्ञप्ति जारी गर्दै श्री थापाले सभामा पहाडको बदलन्दो राजनैतिक परिवेशमा अब युवाहरूले पनि अग्रपन्थी नेतृत्वको भूमिका निर्वाह गर्नु पर्नेमा जोड दिएको बताउनु भएको छ।

**कर्मचारीहरूलाई सूचना**

पश्चिम बंगाल सरकारको मुख्य सचिव कार्यालयले सरकारी कर्मचारीहरूका लागि सूचना तथा मिडियासँग सम्बन्धित आचारसंहिताबारे परिपत्र जारी गरेको छ।
* यो नियम All India Service, West Bengal Civil Service, Police Service तथा राज्य सरकार अन्तर्गतका अन्य कर्मचारीहरूमा लागू हुनेछ।

**********